# स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.
Swabalamban Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)

केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौं ।
फोन ०१-४५३४९२१/२२, ४५२८४८१
Central Office: Kamalpokhari, Kathmandu
Tel-1-4534921/22, 4528481
E-mail: info@ swbbl.com.np
Web Site: www.swbbl.com.np


**च.नं.: ४०।०८२।८३ (कम्पनी सचिवालय)** मिति : २०८२/०९/०१

श्री नेपाल स्टक एक्सचेन्ज लि. सिंहदरबारप्लाजा, काठमाडौं ।

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

श्री सि.डि.एस. एण्ड क्लिएरिङ्ग लि. पुतलीसडक, काठमाडौं ।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौं ।

श्री एनआइएमबी एस क्यापिटल लि. लाजिम्पाट, काठमाडौं ।

**विषय : जानकारी सम्बन्धमा ।**

महाशय,

स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि. सञ्चालक समितिको मिति २०८२/०८/२९ गते अपरान्ह ५:०० बजे बसेको ४६९औं बैंठकबाट यस वित्तीय संस्थाको आगामी वार्षिक साधारण सभा देहाय बमोजिम आव्हान गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

१. वाार्षिक साधारण सभा हुने मिति, समय र स्थान : वि.सं. २०८२ साल पुस २५ गते शुक्रबार, बिहान ११:०० बजे, लिसारा रिसेप्सन्स, नक्साल, काठमाडौं ।

२. वार्षिक साधारण सभामा पेश हुने प्रस्तावहरु : यसै साथ संलग्न सूचनामा उल्लेख भए बमोजिम ।

३. वाार्षिक साधारण सभाको प्रयोजनको लागि शेयर दाखिल खारेज बन्द हुने मिति : २०८२।०९।१३ गते ।

भवदीय,

....................

चन्द्र मणि चौलागाँई
कम्पनी सचिव

स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.
कमलपोखरी, काठमाडौं

**चौबीसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

(प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/०९/०१)

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्थाको मिति २०८२ साल मंसिर २९ गते सोमबार बसेको सञ्चालक समितिको ४६९औं बैठकको निर्णय अनुसार संस्थाको २४औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**

मिति : वि.सं. २०८२ साल पुस २५ गते शुक्रबार (तदानुसार ९ जनवरी, २०२६) ।
समय : बिहान **११:००** बजे ।
स्थान : लिसारा रिसेप्सन्स, नक्साल काठमाडौं ।

**छलफलका विषयहरू**

**(क) सामान्य प्रस्तावहरु**

१) यस वित्तीय संस्थाको २४औं वार्षिक साधारण सभामा सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व.२०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र नाफा नोक्सान बाँडफाँड विवरण छलफल गरी पारित गर्ने ।
३) आ.व. २०८१/८२ सम्मको मुनाफाबाट नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम चुक्ता पूँजी रु.१ अरब ६५ करोड ६६ लाख २५ हजारमा रु.७ करोड २२ लाख ८७ हजार ५ सय (४.३६३५ प्रतिशत) नगद लाभांश (लाभांशमा लाग्ने कर सहित) शेयरधनीहरुलाई वितरण गर्न स्वीकृत गर्ने ।
४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।
५) सञ्चालक समितिमा भएको स्वतन्त्र सञ्चालक र प्रतिनिधि सञ्चालकको नियुक्ति सम्बन्धमा जानकारी गराउने ।

**(ख) विशेष प्रस्तावहरु**

(१) नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम आ.व.२०८१/८२ सम्मको सञ्चित मुनाफाबाट चुक्ता पूँजी रु.१ अरब ६५ करोड ६६ लाख २५ हजारमा रु.९ करोड ३३ लाख ७५ हजार (५.६३६५ प्रतिशत) बोनश शेयर जारी गर्ने ।
(२) हालको जारी तथा चुक्ता पूँजी रु.१ अरब ६५ करोड ६६ लाख २५ हजारमा उपरोक्त बमोजिमको बोनस शेयर जारी भएपछि जारी तथा चुक्ता पूँजी रु.१ अरब ७५ करोड कायम गर्ने ।
(३) हाल कायम रहेको संस्थापक शेयरमध्ये ९ प्रतिशत बिन्दुले हुन आउने संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिणत गरी संस्थापक र सर्वसाधारण शेयरको अनुपात ६०:४० लाई ५१:४९ कायम गर्ने ।
(४) प्रबन्धपत्रको दफा ४, ५(ख), ५(ग), ५(घ), ५ (ङ) र ९(१२) तथा नियमावलीको नियम ८ र ३३ लाई संलग्न तीन महले अनुसार हुने गरी संशोधन गर्ने ।
(५) प्रबन्धपत्र तथा नियमावलीमा गरिने संशोधनहरुमा नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप गर्न सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।
(६) यस वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त “घ” वर्गका एक वा एकभन्दा बढी लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ति गर्न उपयुक्त देखेमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने।

**(ग) विविध**

सञ्चालक समितिको आज्ञाले
...................................
कम्पनी सचिव

वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरु

(१) २४औं वार्षिक साधारण सभाको प्रयोजनको लागि मिति २०८२/०९/१३ गतेका दिन वित्तीय संस्थाको शेयर दाखिल खारेज/शेयरधनी दर्ता पुस्तिका बन्द रहनेछ । नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा शेयरधनी दर्ता किताब बन्द हुनुभन्दा अघिल्लो दिनसम्म कारोवार भई नियमानुसार नामसारी भई आएका शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न र लाभाँश प्राप्त गर्न योग्य हुनेछन् ।
(२) वित्तीय संस्थाको वार्षिक आर्थिक विवरण सहितको वार्षिक साधारण सभाको सूचना शेयरधनी महानुभावहरूको सम्बन्धित ठेगानामा पठाइनेछ। यदि सो प्राप्त नभएमा कार्यालय समय भित्र वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौबाट वा वित्तीय संस्थाको वेबसाइट http://swbbl.com.np बाट प्राप्त गर्न सकिनेछ ।
(३) सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रतिनिधि पत्र (प्रोक्सी फाराम) भरी केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंमा सभा शुरू हुनु भन्दा कम्तीमा ७२ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्त गरिएको व्यक्ति यस वित्तीय संस्थाको शेयरधनी हुनु आवश्यक छ । एक शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा सबै प्रतिनिधि (प्रोक्सी) स्वत:बदर हुनेछन् ।
(४) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।
(५) नाबालक वा विक्षिप्त शेयरधनीहरूको तर्फबाट वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता रहेका व्यक्तिले सभामा भाग लिन सक्नुहुनेछ ।
(६) सभामा उपस्थित हुने शेयरधनीहरूले संस्थाको शेयर अभौतिकीकरण गरेको विवरण/अभौतिकिकरण खाताको विवरण (शेयर अभौतिकिकरण नगरेका शेयरधनीको हकमा सक्कल शेयर प्रमाण पत्र) र यी दुई मध्ये कुनै एकका साथ आफ्नो परिचय खुल्ने प्रमाणपत्र प्रस्तुत गरे पछि मात्र सभा कक्ष भित्र प्रवेश गर्न पाइनेछ ।
(७) सभामा भाग लिने शेयरधनी महानुभावले सभा हुने स्थानमा सभा शुरु हुनु भन्दा पहिले नै उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ ।
(८) सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभा स्थल आउँदा झोला, प्याकेट वा अन्य सामान नलिई आउनुहुन अनुरोध गरिन्छ । सुरक्षाकर्मीले सभा कक्षमा प्रवेश गर्नेको सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनुहुन समेत अनुरोध गरिन्छ ।
(९) साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंको फोन नं. ०१-४५३४९२१/०१-४५३४९२२ मा वा ईमेल info@swbbl.com.np मार्फत सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।